महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- २४ महिना :- माघ, २०७२

## सञ्चार अनुगमन

२०७२ माघ ४ महोत्तरी जिल्लाको जिल्ला सदरमुकाम मलिबाराबाट पुस ३० गते बिहीबार साँझ अपहरणमा परेका ११ वर्षीय बालकलाई निर्मतापूर्वक हत्या गरी शव खाल्डोमा गाडिएको अवस्थामा माघ ४ गते फेलापरेको र सोही जिल्लाको भटौलिया गाविस २ निवासी ८ वर्षीया जिनेस भनिने चिरञ्जीवी महासेठको हत्या गरी पुरिएको अवस्थामा शव बरामद भएको छ ।

त्यसैगरी, २०७२ माघ ७ गते मोरङ जिल्लाको रंगेलीमा सत्तारुढ एमालेको भ्रातृ संगठन युवासंघले आयोजना गरेको कार्यक्रमप्रति विरोध जनाउने मधेसी मोर्चाका कार्यकर्तामाथि प्रहरीले चलाएको गोली लागेर मोरङको रंगेलीमा एक महिलासहित तीन जनाको मृत्यु भयो । घटनामा ६ प्रहरीसहित १६ नागरिक घाइते भए ।

### हिंसामा महिला र बालबालिका

२०७२ को माघ महिनामा मुलुकभर महिला र बालबालिकामाथि १६ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार १० वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ६ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारहरुमा महिला हत्या, सामूहिक बलात्कार, अलपत्र, अपहरण, यौनजन्य हिंसासँग सम्बन्धित घटना रहेका छन् । त्यसैगरी बालबालिकासम्बन्धी घटनामा अपहरण, अपहरणपछि हत्या, बलात्कारका समाचारहरु प्रकाशित भएका छन् ।

यस्ता प्रकारको घटना नेपालमा पहिलो पटक भएको भने होइन । पहिले पनि विभिन्न ठाउँहरुमा यस्ता घटना भइरहेका छन् । महिला तथा बालबालिका विभिन्न किसिमका हिंसाबाट पीडित भएका घटनाहरु सार्वजनिक हुने गरेका छन् । महिला तथा बालिकामाथि हुने यौनजन्यहिंसा, अपहरण, हत्या, सामूहिक बलात्कार, बलात्कारपछि हत्या, यौनदुर्व्यवहारको शिकार भइरहेको समाचारहरु प्रकाशित हुने गरेका छन् ।

## महिला

माघ महिनामा ४ महिलाको हत्या भएको छ । त्यसमध्ये एक महिलाको बलात्कारपछि हत्या भएको हो भने माघ ७ गते मोरङ जिल्लाको रंगेलीमा सत्तारुढ एमालेको भ्रातृ संगठन युवासंघले गरेको कार्यक्रम बिथोल्न जम्मा भएका मधेसी मोर्चाका कार्यकर्तामाथि प्रहरीले चलाएको गोली लागेर मोरङको रंगेलीमा महिलाको मृत्यु भएको हो । १ महिलाको घरायसी विवाद हुँदा श्रीमान्ले पेट्रोल छर्केर आगो लगाई हत्या गर्ने प्रयास गरेको समाचार प्रकाशित भएको छ । त्यसैगरी अपहरण, सामूहिक बलात्कार, अलपत्र र आत्महत्याका घटनाका १-१ वटा समाचार प्रकाशित छन् ।




## बालबालिका

यस अवधिमा चार बालिकाको हत्या भएको छ । हत्या भएका मध्ये अपहरण गरी दुई बालक मारिएको समाचार प्रकाशित भएको छ भने बलात्कारको शिकार भएका दुई बालिकामध्ये एक बालिकाको सामूहिक बलात्कार पछि हत्या भएको हो । दुई बालकको भने सौतेनी आमाद्वारा हत्या भएको समाचार प्रकाशित छ ।



<u>**हतियारजन्य हिंसा**</u>

अखबारहरुका अनुसार माघ महिनामा महिला, पुरुष गरी २४ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ४ पुरुष, ३ महिलाको मृत्यु भएको सञ्चार अनुगमनका क्रममा पाइएको छभने १७ पुरुष घाइते भएका छन् । त्यसमध्ये घाइते हुनेहरुमा धेरैजसो तराई आन्दोलनका क्रममा प्रहरी र प्रदर्शनकारी बीचको झडपमा घाइते भएका हुन् ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल २, मध्यमाञ्चल ५, पश्चिमाञ्चल २ र मध्य-पश्चिमाञ्चल २ रहेको देखिन्छ ।



# मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) द्वारा माघ महिनामा जारी गरेको

## प्रेश विज्ञप्ती

Reg. 20/1205/057/085

Media for Human Rights and Democracy

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication Nepal

(IHRICON)

G.P.O. Box No. 5188, Jwagal, Lalitpur.
Phone: 977-1-5011204
Email: ihricon@mos.com.np

प्रेस विज्ञप्ति — ५ माघ २०७२

**दुई बालकको हत्याप्रति इहृिकनद्वारा निन्दा व्यक्त**

माघ ४ महोत्तरी जिल्लाको जिल्ला सदरमुकाम मलिवारावाट पुस ३० गते विहीबार साँझ अपहरणमा परेका ११ वर्षीय बालकलाई निर्मतापूर्वक हत्या गरी शव खाल्डोमा गाडिएको अवस्थामा माघ ४ गते फेलापरेको र सोही जिल्लाको भटौलिया गाविस २ निवासी ८ वर्षीया जिनेस भनिने चिरञ्जीवी महासेठको हत्या गरी पुरिएको अवस्थामा शव बरामद भएको घटनाप्रति मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृिकन) को गम्भीर ध्यानाकर्षण भएको छ।

सीमावर्ती भिठ्ठामोड बजारमा रुपैयाँ सटहीको काम गर्दै आएका नवीन पाण्डेका छोरा निश्चलको पुस ३० गते साँझ भिठ्ठामोड बस बिसौनीबाट अपहरण भएको थियो । अपहरण भएको चार दिनपछि उनको शव जलेश्वर १३ रातु खोलाको पश्चिम किनारको खयरघारीमा गाडिएको अवस्थामा फेला परेको थियो भने भटौलिया गाविस २ निवासी रवीन्द्र महासेठका छोरा जिनेस भनिने चिरञ्जीवी महासेठको हत्या गरी खाल्डोमा पुरिएको अवस्थामा शव बरामद भएको हो।

यस घटनाले नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको बालबालिकाको बाँच्नपाउने हकको हनन हुनुको साथै विभिन्न बालअधिकार/मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा नेपालले जाहेर गरेको प्रतिवद्धताको समेत हनन भएको छ।

यस प्रकारको घटना नेपालमा पहिलो पटक भएको होइन। पहिले पनि विभिन्न ठाउँहरुमा यस्ता घटना घटिरहेका छन् । बालबालिका विभिन्न किसिमका हिंसामा परिरहेका तथा बालकको हत्या भइरहेको अवस्थमा पनि नेपाल सरकारले दोषीलाई कारवाही गर्ने तथा पीडितलाई उचित न्याय प्रदान गर्न उदासीन भएको प्रति इहृिकन केद प्रकट गर्दछ।

इहृिकन दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र यस प्रकारका असामाजिक तथा आपराधिक घटना दोहोरिन नदिन सरकारी सम्वन्धित निकायको ध्यानाकर्षण गर्नुका साथै अपराधरहित तथा सभ्य समाजको सिर्जनाका लागि सबैको सुझबुझपूर्ण ऐक्यवद्धताका लागि अपिल गर्दछ। साथै यस घटनाको स्वतन्त्र एवं निष्पक्ष छानविन गरी पीडित बालकहरु तथा उनीहरुको परिवारलाई न्याय दिलाउन इहृिकन सम्वन्धित सबैमा जोडदार माग गर्दै मृतक बालहरुको आत्माको चिर शान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।

अमृता लम्साल
अध्यक्ष

---

Reg. 20/1205/057/058

Media for Human Rights and Democracy

मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल

Institute of Human Rights Communication Nepal

(IHRICON)

च.नं.

**प्रेस विज्ञप्ति**

मिति : २०७२ माघ ८

२०७२ माघ ७ गते मोरङ जिल्लाको रंगेलीमा सत्तारुढ एमालेको भ्रातृ संगठन युवासंघले गरेको कार्यक्रम विथोल्न जम्मा भएका मधेसी मोर्चाका कार्यकर्तामाथि प्रहरीले चलाएको गोली लागेर मोरङको रंगेलीमा वृद्धासहित तीनजनाको मृत्यु भएको छ। घटनामा ६ प्रहरीसहित १६ जना घाइते भएको घटनाप्रति मानव अधिकार सञ्चार प्रतिष्ठान (इह्रिकन)को को गम्भीर ध्यानाकर्षण भएको छ।

आफ्ना मागहरु शान्तिपूर्ण रुपमा राख्न पाउने संविधानप्रदत्त: संविधानको उपयोग गर्दै शान्तिपूर्ण सभा, सम्मेलनमा सहभागिता हुनपाउनु नागरिकको अधिकार हो । तर शान्तिपूर्ण रुपमा सम्पन्न भएको कार्यक्रमपछि हिंसात्मक हुनुका साथै घरायसी काममा घरबाट एक किलोमिटर टाढा रंगेली बजारमा पुग्दा प्रहरी र मधेसी मोर्चाका कार्यकर्ताबीच भएको झडपमा प्रहरीले चलाएको गोली लागि रंगेली ४ चोपडा टोलकी ६० वर्षीया द्रौवदेवी चौधरीको हत्या गरिएको छ। त्यसैगरी बरडंगा २ का महादेव ऋषिदेव र डायनिया ९ का शिवु माझीको हत्या भएको छ। ६ प्रहरी सहित १६ आन्दोलनकारी घाइते भएका छन्।

शान्तिसुरक्षामा खटिएका प्रहरीमाथि शान्तिपूर्ण प्रदर्शनका नाममा भेला भएका प्रदर्शनकारीहरुबाट आक्रमण भएको छ, आन्दोलनका क्रममा प्रहरी तथा आन्दोलनकारीहरु घाइते भएका छन् । यस घटनालाई कुनै पनि बहानामा सामान्य र स्वाभाविक मान्न सकिन्न । नेपालका हरेक जात-जाति र धर्मावलम्बी नागरिकको समान विकास हुनुपर्छ तर जातीयताको आधारमा संघीय सीमाङ्कन लोकतान्त्रिक तथा प्रगतिशील अभ्यास हुनसक्तैन । कसैका मागहरु हिंसात्मक घटना र दबाबको माध्यमबाट सुन्ने र सुनाउने अभ्यासको अन्त्य हुनु पर्दछ। आफ्ना हरेक मागलाई शान्तिपूर्ण तवरले वैधानिक प्रक्रियाबमोजिम राख्न र ठोस समाधानमा पुग्न हामी सबैलाई आव्हान गर्दछौं।

निर्दोष नागरिकहरुको हत्याको निन्दा र भर्त्सना गर्दै घाइते पीडितहरुको शीघ्र स्वास्थ्यलाभको कामनाका साथ आक्रमण गर्नेको पहिचान गरी तत्काल कानुनी कारबाही गर्न नेपाल सरकारसँग इह्रिकन जोडदार माग गर्दछ।

अमृता लम्साल
अध्यक्ष

P.O. Box No.: 5188, Thapathali, Kathmandu, Nepal, Tel: 977-1-4253943, Fax: 977-1-4216148 5011204
E-mail: ihricon@mos.com.np, Web: www.ihricon.org

२०७२ पुस ४ गते । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृकन) को आयोजनामा ***महिला विरुद्धको हिंसामा बालविवाह  विषयक अन्तरक्रिया तथा लैङ्गिक हिंसाविरुद्धको कानुनी प्रावधान*** लाई समेटेर तयार पारिएको हाते किताब सार्वजनिक कार्यक्रममा माननीय *श्री उप-प्रधान एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्रप्रकाश मैनाली* ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको झलक ।









थप जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. **०१-५०११२०४, ५५४४२०५** मा सम्पर्क गर्न अनुरोध छ ।